नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदबार, काठमाण्डौ

(स्थानीय तह समन्वय शाखा)

प.स.: ०७५।७६

च.नं. ३२४

मितिः-२०७५।९।१०

**बिषय :- निर्देशिका पठाईएको बारे ।**

**श्री जिल्ला समन्वय समितिको कार्यालय, सबै ।**

प्रस्तुत बिषयमा नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७५।९।६ को निर्णयानुसार **"जिल्ला समन्वय समितिको मौज्दात कोष सञ्चालन निर्देशिका, २०७५"** स्वीकृत भएको छ । उक्त निर्देशिकामा भएको व्यवस्था अनुसारको कोषको रकम उपयोगको लागि स्वीकृत निर्देशिका यसैसाथ संलग्न गरी पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

(जनकराज शर्मा)

शाखा अधिकृत

बोधार्थः-

**श्री सूचना प्रविधि शाखाः-** पत्र तथा निर्देशिका Website मा Upload गरिदिनु हुन ।

## जिल्ला समन्वय समितिको मौज्दात कोष सञ्चालन निर्देशिका, २०७५

जिल्ला समन्वय समितिको कोषमा साविकदेखि मौज्दात रहेको रकमबाट स्थानीय पूर्वाधार निर्माण तथा मर्मत सम्भार गरी उक्त कोषलाई प्रभावकारी रुपमा सञ्चालन गर्न वाञ्छनीय भएकाले,

नेपाल सरकारले सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशिका जारी गरेको छ ।

१ **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस निर्देशिकाको नाम "**जिल्ला समन्वय समितिको मौज्दात कोष सञ्चालन निर्देशिका, २०७५**" रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२ **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "कार्यक्रम" भन्नाले दफा (४) बमोजिम सञ्चालन हुने स्थानीय पूर्वाधार निर्माण तथा मर्मत सम्भार गर्ने कार्यक्रम सम्झनु पर्छ । सो शब्दले सोही दफाको अधीनमा रही सञ्चालन हुने योजना समेतलाई जनाउनेछ ।

(ख) "कार्यालय" भन्नाले जिल्ला समन्वय समितिको कार्यालय सम्झनु पर्छ ।

(ग) "कोष" भन्नाले जिल्ला समन्वय समितिको कार्यालयको नाममा रहेको मौज्दात कोष सम्झनु पर्छ ।

(घ) "मन्त्रालय" भन्नाले सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सम्झनु पर्छ ।

(ङ) "समिति" भन्नाले दफा ३ बमोजिम गठित कार्यक्रम व्यवस्थापन समिति सम्झनु पर्छ ।

३ **कार्यक्रम व्यवस्थापन समितिको गठन** : (१) सभाको नीतिगत मार्गदर्शनमा रही यस निर्देशिका बमोजिम सञ्चालन हुने कार्यक्रमको छनौट, बजेट बाँडफाँट तथा अनुगमन सम्बन्धी कार्यको व्यवस्थापन गर्ने प्रयोजनको लागि प्रत्येक जिल्लामा देहाय बमोजिमको कार्यक्रम व्यवस्थापन समिति रहनेछ :-

(क) जिल्ला समन्वय समितिको प्रमुख - संयोजक

(ख) जिल्ला समन्वय समितिको उप प्रमुख - सदस्य

(ग) जिल्ला समन्वय अधिकारी - सदस्य सचिव

(२) समितिको बैठकमा जिल्ला समन्वय समितिका इञ्जिनियरलाई आमन्त्रण गरिनेछ।

(३) समितिको बैठक सञ्चालन तथा तत्सम्बन्धी अन्य व्यवस्था समितिले आफैं निर्धारण गरे बमोजिम हुनेछ।

(४) यस निर्देशिका बमोजिम समितिले गनुपर्ने कार्यहरु समितिको निर्णय अनुसार जिल्ला समन्वय समितिको कार्यालयबाट सम्पादन गर्नुपर्नेछ।

४. **कार्यक्रमको छनोट गर्ने** : (१) समितिले कोषमा सञ्चित रहेको रकमको अधीनमा रही जिल्ला भित्र सञ्चालन गर्नुपर्ने देहायका क्षेत्रका योजना छनोट गर्न सक्नेछ।

(क) गाउँपालिका तथा नगरपालिकाको प्रशासकीय भवन निर्माण तथा मर्मत सम्भार सम्बन्धी आयोजनाहरु,

(ख) गाउँपालिका तथा नगरपालिकाको वडा कार्यालय भवन निर्माण तथा मर्मत सम्भार सम्बन्धी आयोजनाहरु,

(ग) सामुदायिक विद्यालयको भवन निर्माण सम्बन्धी आयोजनाहरु,

(घ) प्रसूती केन्द्र, स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्रको भवन निर्माण तथा मर्मत सम्भार सम्बन्धी आयोजनाहरु,

(ङ) जिल्ला समन्वय समितिको कार्यालय भवन निर्माण, निर्माणाधीन भवनको बाँकी कार्य सम्पन्न गर्ने तथा मर्मत सम्भार सम्बन्धी आयोजनाहरु,

(च) खानेपानी सम्बन्धी पूर्वाधार निर्माण सम्बन्धी आयोजनाहरु।

(२) समितिले उपदफा (१) बमोजिमका योजनाहरुको अनुमानित लागत र गाउँपालिका तथा नगरपालिकाले साझेदारी गर्नुपर्ने रकम समेतको विवरण तयार गरी छलफलको लागि सभामा पेश गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिमको विवरण समितिबाट स्वीकृत गरी कार्यान्वयनको लागि कार्यक्रम कार्यान्वयन हुने गाउँपालिका तथा नगरपालिकामा पठाउनु पर्नेछ।

५. **प्रस्ताव पेश गर्ने** : (१) कार्यक्रममा सहभागी हुन चाहने गाउँपालिका तथा नगरपालिकाले योजनाको अनुमानित लागत, ड्इङ डिजाइन, जग्गा आवश्यक पर्ने भए सोको विवरण, हाल

कार्यालय सञ्चालन गरिएको भवनको अवस्था तथा साझेदारी गर्ने रकमको प्रतिवद्धतापत्र सहितको प्रस्ताव तयार गरी कार्यालय समक्ष पेश गर्नु पर्नेछ ।

(२) गाउँपालिका वा नगरपालिकाले प्रशासकीय भवन तथा वडा कार्यालय भवनको ड्रइङ्ग डिजाइन गर्दा गराउँदा सम्भव भएसम्म स्थानीय मौलिक कला र संस्कृतिको प्रवर्द्धन हुने गरी गर्नु गराउनु पर्नेछ ।

(३) गाउँपालिका तथा नगरपालिकाले कार्यक्रमको प्रस्ताव पेश गर्दा नेपाल सरकारबाट स्वीकृत गाउँपालिका तथा नगरपालिकाको केन्द्र निर्धारण सम्बन्धी मापदण्ड, २०७५ को पालना गर्नुपर्नेछ ।

६. <u>**कार्यक्रम छनोट गर्ने आधार**</u> : (१) गाउँपालिका तथा नगरपालिकाबाट दफा ५ बमोजिम प्राप्त प्रस्तावित कार्यक्रमलाई समितिले देहायको आधारमा प्राथमिकता दिई छनोट गर्नु पर्नेछ :-

(क) भवन निर्माणको योजनाको सम्बन्धमा भवन निर्माणको लागि आवश्यक पर्ने जग्गा व्यवस्था भइसकेको,

(ख) सेवा प्रवाहको लागि आवश्यक पर्ने न्यूनतम स्तरको भवन उपलब्ध नभएको,

(ग) प्रशासकीय भवन निर्माणको लागि गाउँपालिका तथा नगरपालिका र वडाको केन्द्र सम्बन्धमा कुनै विवाद कायम नरहेको,

(घ) दफा ४ उपदफा (१) को खण्ड (ग), (घ) र (च) अनुसारका आयोजनामा कुनै पनि किसिमको विवाद नभएका आयोजनाहरु,

(ङ) साविक जिल्ला विकास समितिबाट निर्माण प्रारम्भ भएको तर बजेट अभावको कारण निर्माण सम्पन्न हुन नसकेका दफा ४ सँग सम्बन्धित आयोजनाहरु,

(च) मर्मत सम्भार गरी सञ्चालनमा ल्याउन सकिने भवन तथा निर्माणाधीन भवन सम्पन्न गर्न सकिने अवस्थामा रहेका आयोजनाहरु ।

(२) दफा ८ को उपदफा (१) बमोजिमको रकमभन्दा बढी रकम व्यहोरी लागत साझेदारी गर्ने गाउँपालिका तथा नगरपालिकाको कार्यक्रमलाई उपदफा (१) बमोजिमको आधारमा समितिले प्राथमिकता दिई छनोट गर्न सक्नेछ ।

(३) समितिले यस निर्देशिका बमोजिम कार्यक्रम स्वीकृत गर्दा गाउँपालिका तथा नगरपालिकाको प्रशासकीय भवन नभएको तथा भाडामा लिई कार्यालय सञ्चालन रहेका गाउँपालिका तथा नगरपालिका र वडा कार्यालय भवन निर्माण गर्ने आयोजनालाई प्राथमिकता दिनु पर्नेछ ।

७ **कार्यक्रम स्वीकृत गर्ने** : (१) दफा ५ बमोजिम परेका प्रस्तावको सम्बन्धमा समितिले दफा ६ बमोजिमको आधारमा मूल्याङ्कन गरी सम्बन्धित गाउँपालिका वा नगरपालिकाले व्यहोर्ने लागत साझेदारीको अङ्क तथा आवश्यकता समेतका आधारमा उपयुक्त कार्यक्रम स्वीकृत गर्नेछ ।

(२) समितिले उपदफा (१) बमोजिम योजना स्वीकृत गर्दा सकभर जिल्ला भित्रका सबै स्थानीय तहमा कार्यक्रम पर्ने गरी योजना स्वीकृत गर्नु पर्नेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि गाउँपालिका वा नगरपालिका तथा वडाको केन्द्र सम्बन्धमा विवाद रहेको वा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४ बमोजिम केन्द्र हेरफेर सम्बन्धी विषयमा कारवाही प्रारम्भ भई टुङ्गो लागि नसकेको अवस्थामा त्यस्तो स्थानको लागि भवन निर्माणको कार्यक्रम स्वीकृत गर्न सकिने छैन ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कार्यक्रमको लागि आवश्यक पर्ने जग्गा खरिदको लागि कोषको रकम खर्च गर्न पाइने छैन ।

८ **लागत साझेदारी** : (१) गाउँपालिका तथा नगरपालिकाले दफा (५) बमोजिम योजना प्रस्ताव गर्दा कम्तीमा देहाय बमोजिमको रकम व्यहोर्ने गरी लागत साझेदारी गर्ने प्रतिवद्धता सहित प्रस्ताव पेश गर्नु पर्नेछ :-

(क) भवन निर्माणसँग सम्बन्धित योजनाको लागि लागत अनुमानको कम्तीमा चालीस प्रतिशत रकम,

(ख) स्थानीय पूर्वाधारका अन्य योजनाको लागि लागत अनुमानको कम्तीमा पच्चीस प्रतिशत रकम,

(ग) मर्मत सम्भार गर्नुपर्ने योजनाको लागि लागत अनुमानको कम्तीमा पचास प्रतिशत रकम,

(२) समितिले उपदफा (१) बमोजिम तोकिएको लागत साझेदारीमा गाउँपालिकाबाट प्रस्ताव भएको योजना भएमा लागत साझेदारीको लागि तोकिएको रकमको दश प्रतिशत कम भएको अवस्थामा पनि योजना स्वीकृत गर्न सक्नेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि खातामा रहेको रकमले नपुग हुने अवस्थामा सम्बन्धित गाउँपालिका वा नगरपालिकाले साझेदारी गर्नु पर्ने रकमको अनुपात बढाउने गरी समितिले आवश्यक व्यवस्था गर्न सक्नेछ ।

९. **कार्यक्रम कार्यान्वयन गर्ने** : (१) दफा ७ बमोजिम समितिबाट कार्यक्रम स्वीकृत भएपछि समितिले सम्बन्धित गाउँपालिका वा नगरपालिकालाई कार्यक्रम कार्यान्वयनको कार्यतालिका तयार गर्न लगाई सोको आधारमा सम्झौता गरी रकम उपलब्ध गराउनेछ ।

(२) यस निर्देशिका बमोजिम रकम प्राप्त गर्ने गरी कार्यक्रम सञ्चालन गर्ने गाउँपालिका तथा नगरपालिकाले प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।

(३) कार्यालयले सम्बन्धित गाउँपालिका वा नगरपालिकाले योजना कार्यान्वयनको लागि कानून बमोजिम सम्झौता सम्पन्न गरीसकेपछि यस निर्देशिका बमोजिम समितिले उपलब्ध गराउनु पर्ने कूल रकमको सत्तरी प्रतिशत रकम र कार्यक्रम सम्पन्न भइसकेपछि बाँकी तीस प्रतिशत रकम सम्बन्धित गाउँपालिका वा नगरपालिकालाई उपलब्ध गराउनेछ ।

(४) उपदफा (३) बमोजिमको रकम उपदफा (१) बमोजिम पेश गरेको कार्यतालिका अनुसार प्रगति नभएको अवस्थामा कार्यक्रम वापतको बाँकी रकम समितिले उपलब्ध गराउने छैन र सो बाँकी रकम कार्यक्रम कार्यान्वयनको प्रगति राम्रो रहेका गाउँपालिका वा नगरपालिकाको कार्यक्रमको लागि उपलब्ध गराउन सक्नेछ ।

(५) उपदफा (३) र (४) बमोजिम प्राप्त रकम सम्बन्धित गाउँपालिका वा नगरपालिकाले स्थानीय सञ्चित कोषमा राखी कार्य प्रगतिको आधारमा भुक्तानीको व्यवस्था मिलाउनु पर्नेछ ।

(६) यस दफा बमोजिम गाउँपालिका वा नगरपालिकालाई उपलब्ध गराइएको रकम तोकिएको कार्यक्रम बाहेक अन्य प्रयोजनको लागि खर्च गर्न पाइने छैन ।

(७) खातामा रहेको तथा कार्यक्रम सञ्चालनको लागि खर्च भएको रकमको लेखा राख्ने तथा लेखापरीक्षण गर्ने सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

१० **एउटै खातामा रकम जम्मा गर्ने** : (१) कार्यक्रमको लागि प्रत्येक जिल्लामा जिल्ला समन्वय समितिको कार्यालयको नाममा देहाय बमोजिमको रकम तोकिएको बैंकमा एउटै खातामा राखी कार्यक्रम सञ्चालनमा प्रयोग गर्नु पर्नेछ :-

(क) साविक स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम ५४ बमोजिम साविकको जिल्ला विकास समिति अन्तर्गत स्थापना भएका प्रकोप व्यवस्थापन विशेष कोष, मानव संसाधन विकास विशेष कोष, मर्मत सम्भार विशेष कोष, वातावरणीय व्यवस्थापन विशेष कोष, गरिबी निवारण तथा सामाजिक परिचालन विशेष कोष, महिला तथा बाल विकास विशेष कोष, शिक्षा स्वास्थ्य तथा आकस्मिक कोषमा हालसम्म जम्मा भएको रकम,

(ख) साविक स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २१५, २१६, २१७, २१८ तथा २२० बमोजिम जिल्ला समन्वय समितिको कोषमा आर्थिक वर्ष ०७४।७५ सम्मको आयबापत जिल्ला विकास कोषमा जम्मा भएको रकम,

(ग) प्रचलित कानून बमोजिम साविक जिल्ला विकास समितिको नाममा रहेका कर्मचारी कल्याण कोष बाहेक अन्य कोषहरुमा रहेको रकम ।

(२) उपदफा (१) बमोजिमको रकमबाट अदालतको फैसला बमोजिम फिर्ता गर्नुपर्ने रकम भुक्तानी गरी कार्यक्रमको लागि उपलब्ध हुने रकम एकीन गर्नुपर्नेछ ।

११ **कार्यक्रम कार्यान्वयनमा कार्यालयको भूमिका** : कार्यक्रम कार्यान्वयन गर्न कार्यालयले देहाय बमोजिमको कार्य गर्नेछ :-

(क) जिल्ला भित्रका स्थानीय पूर्वाधार निर्माणको आवश्यकता पहिचान तथा प्राथमिकताक्रम निर्धारण गर्न समितिलाई सहयोग गर्ने,

(ख) जिल्ला स्तरीय कार्यालयको स्वामित्वमा रहेका भवनहरु सम्बन्धित गाउँपालिका वा नगरपालिकालाई हस्तान्तरण गर्न सहजीकरण गर्ने ।

१२ **परामर्श गर्न सक्ने** : समितिले यस निर्देशिका बमोजिम कार्यक्रम कार्यान्वयनको लागि आवश्यकता अनुसार सम्बन्धित जिल्लाका गाउँ कार्यपालिकाको अध्यक्ष तथा नगर कार्यपालिकाका प्रमुखहरुसँग परामर्श गर्न सक्नेछ ।

१३ **प्राविधिक सहयोग तथा प्रशासनिक खर्च सम्बन्धी व्यवस्था**: (१) गाउँपालिका तथा नगरपालिकाले भवन निर्माणको सम्बन्धमा थप प्राविधिक सहयोग आवश्यक परेमा जिल्ला समन्वय समितिमा अनुरोध गर्न सक्नेछ । यसरी सहयोग माग भएको अवस्थामा उपलब्ध सहयोग प्रदान गर्नु जिल्ला समन्वय समितिको कर्तव्य हुनेछ ।

(२) कार्यालयले प्रशासनिक तथा कार्यक्रमको अनुगमन गर्ने कार्यको लागि मौज्दात कोषमा पाँच करोड भन्दा कम मौज्दात रहेको कार्यालयले बढीमा रु १२ लाख र पाँच करोड भन्दा बढी मौज्दात रहेको कार्यालयले बढीमा रु २० लाखमा नबढ्ने गरी खर्च गर्न सक्नेछ ।

१४ **रकम बाँडफाँट सम्बन्धी विशेष व्यवस्था** : (१) नेपालको संविधान बमोजिम विभाजन भएका साविकको नवलपरासी र रुकुम जिल्लाका जिल्ला समन्वय समितिको स्वामित्वमा रहेको दफा १० को उपदफा (१) को खण्ड (क), (ख) र (ग) बमोजिमको रकम सम्बन्धित जिल्ला समन्वय समितिका प्रमुखहरु र जिल्ला समन्वय अधिकारीको संयुक्त बैठकबाट हाल कायम हुन आएका जिल्लाका गाउँपालिका तथा नगरपालिकाको सङ्ख्याको आधारमा समानुपातिक हिसाबले बाँडफाँट गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम बाँडफाँटबाट प्राप्त भएको रकम सम्बन्धित जिल्ला समन्वय समितिले दफा १० बमोजिम खातामा राखी यस निर्देशिका बमोजिम खर्च गर्नु पर्नेछ ।

१५ **खाता सञ्चालन** : (१) दफा १० बमोजिम स्थापना हुने कोषको खाता सञ्चालन जिल्ला समन्वय अधिकारी र जिल्ला समन्वय समितिको लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

(२) आर्थिक वर्षको अन्त्य सम्ममा खर्च नभई बाँकी रहेको कोषको रकम आगामी वर्ष यसै निर्देशिका बमोजिम कार्यालयले खर्च गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

१६ **सहजीकरण गर्ने** : (१) कार्यक्रम कार्यान्वयनको सम्बन्धमा मन्त्रालयमा कुनै गुनासो आएमा मन्त्रालयले आवश्यक छानबिन गरी समस्या समाधानको लागि आवश्यक सहजीकरण गर्नेछ ।

(२) यो निर्देशिका कार्यान्वयनका क्रममा कुनै बाधा उत्पन्न भएमा मन्त्रालयले आवश्यक व्यवस्था मिलाउनेछ ।

१७ **अनुगमन गर्ने** : दफा ९ बमोजिम कार्यक्रम कार्यान्वयनको लागि गरिएको सम्झौता बमोजिम कार्यक्रम कार्यान्वयन भए नभएको र कार्यक्रम कार्यान्वयनको लागि गाउँपालिका वा

नगरपालिकालाई उपलब्ध गराइएको रकम सोही कार्यक्रमको लागि खर्च भए नभएको सम्बन्धमा जिल्ला समन्वय समितिले अनुगमन गर्नेछ ।

१८. **प्रचलित कानून बमोजिम हुने** : यस निर्देशिकामा लेखिएका कुनै कुरा प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म प्रचलित कानूनको व्यवस्था लागू हुनेछ ।